**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ अप्रेल २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- लोकसभाले विपक्षी दलले प्रस्तुत गरेको संशोधनलाई अस्वीकार गर्दै वक्फ (संशोधन) विधेयक, २०२५ पारित गरेको छ।
- छैटौं बिमस्टेक शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री नरेन्द्र मोदी आज थाइल्याण्डको दुई दिने भ्रमणका लागि प्रस्थान गर्नुहुँदै छ।
- लोकसभाले मणिपुरमा राष्ट्रपति शासन लागू गर्ने संवैधानिक प्रस्तावलाई अनुमोदन गरेको छ।
- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले धेरै देशहरूमा पारस्परिक शुल्क लगाउने घोषणा गर्नुभएको छ।
- आइपिएल टि -२० क्रिकेटमा गुजरात टाइटन्सले रोयल च्यालेन्जर्स बैंगलोरलाई ८ विकेटले पराजित गरेको छ।

**लोकसभा वक्फ विधेयक पारित**

लोकसभाले विपक्षी दलले प्रस्तुत गरेको संशोधनलाई अस्वीकार गर्दै वक्फ (संशोधन) विधेयक, २०२५ पारित गरेको छ। लोकसभामा २८८ सदस्यले विधेयकको पक्षमा मतदान गरे भने २३२ सदस्यले विपक्षमा मतदान गरे। हिज १२ घण्टाभन्दा बढी समयसम्म लोकसभामा विधेयकमाथि छलफल भयो।वक्फ (संशोधन) विधेयक, २०२५ ले सम्पदा स्थलहरूको संरक्षण र सामाजिक कल्याणलाई प्रवर्द्धन गर्दै वक्फ सम्पत्तिहरूको व्यवस्थापनलाई सुव्यवस्थित गर्ने लक्ष्य राखेको छ। यसको उद्देश्य सम्पत्ति व्यवस्थापनमा पारदर्शिता बढाउने, वक्फ बोर्ड र स्थानीय अधिकारीहरू बीच समन्वय गर्ने र सम्बन्धित पक्षहरूको अधिकारको रक्षा गर्ने हो। यो विधेयकले मुस्लिम महिलाहरू, विशेष गरी विधवा र सम्बन्ध विच्छेद भएका महिलाहरूको आर्थिक र सामाजिक अवस्था सुधार गर्ने लक्ष्य पनि राखेको छ। विधेयकले वक्फ बोर्डलाई अझ समावेशी बनाउने, राम्रो वक्फ प्रशासन सुनिश्चित गर्ने र निर्णय प्रक्रियामा विभिन्न मुस्लिम सम्प्रदायको प्रतिनिधित्व सुनिश्चित गर्ने लक्ष्य राखेको छ।विधेयकमाथिको छलफलको जवाफ दिँदै अल्पसंख्यक मामिला मन्त्री किरण रिजिजुले वक्फ बोर्डको कामकारबाहीमा गैर-मुस्लिमहरूले हस्तक्षेप गर्नेछन् भन्ने धारणा गलत भएको बताउनु भयो। उहाँले भन्नुभयो, भारत अल्पसंख्यकहरूका लागि सबैभन्दा सुरक्षित देश हो। सरकार अल्पसंख्यक विरोधी हो भन्ने विपक्षीको आरोपलाई अस्वीकार गर्दै उहाँले  नरेन्द्र मोदी सरकारले पारसी जस्ता सानो अल्पसंख्यक समुदायको पनि हेरचाह गरेको बताउनुभयो। यसका साथै उहाँले भन्नुभयो, सरकार वक्फ बोर्डलाई समावेशी र धर्मनिरपेक्ष बनाउन चाहन्छ।

Byte

विपक्षीलाई जवाफ दिँदै केन्द्रीय गृहमन्त्री अमित शाहले यो विधेयक केन्द्रीय मन्त्रिपरिषद्को स्वीकृति र संयुक्त संसदीय समितिको विस्तृत छलफलपछि ल्याइएको बताउनु भयो।अर्कोतिर कांग्रेसका गौरव गोगोईले सरकारले यस विधेयकको बारेमा जनतालाई भ्रमित गरेको आरोप लगाउनु भयो। उहाँले यो विधेयक संविधान विपरीत भएको समेत बताउनु भयो। उहाँले विधेयक मार्फत सरकारले संविधानलाई कमजोर पार्न, अल्पसंख्यकहरूलाई बदनाम गर्न र भारतीय समाजलाई विभाजित गर्न चाहेको आरोप लगाउनु भयो। उहाँले कांग्रेसको शासनकालमा दिल्लीमा कुल १२३ सम्पत्ति दिल्ली वक्फ बोर्डलाई हस्तान्तरण गरिएको श्री रिजिजुको आरोपलाई पनि अस्वीकार गर्नुभयो। समाजवादी पार्टीका अखिलेश यादवले सरकारले मुद्रास्फीति, बेरोजगारी, नोटबन्दी र अन्य मुद्दाहरूमा आफ्नो असफलता लुकाउन यो विधेयक ल्याएको आरोप लगाउनु भयो भने तृणमूल कांग्रेसका सांसद कल्याण बनर्जीले प्रस्तावित कानूनलाई असंगत, तर्कहीन र मनमानीको दर्जा दिनुभयो। डीएमके सांसद ए राजाले कानूनलाई असंवैधानिक र अल्पसंख्यक विरोधी बताउनु भयो । भाजपाका रविशंकर प्रसादले भन्नुभयो यो देश जति हिन्दूहरूको हो, त्यति नै मुस्लिम समुदायको पनि हो भन्ने कुरामा

कुनै शंका छैन। बहसको क्रममा श्री प्रसादले संविधानले वक्फ सम्पत्तिको संरक्षण र सीमान्तकृत समुदायको उत्थानमा सरकारको कार्यलाई पनि समर्थन गर्नेमा जोड दिनुभयो। बहसमा हस्तक्षेप गर्नु हुँदै केन्द्रीय गृहमन्त्री अमित शाहले कुनै पनि गैर-मुस्लिम वक्फमा आउने छैनन् भनी सुनिश्चित गर्नुभयो। उहाँले धार्मिक संस्थाहरूको व्यवस्थापनमा कुनै पनि गैर-मुस्लिमलाई समावेश गर्ने कुनै प्रावधान नभएको बताउनु भयो।

****** ० ******

**वक्फ बिल – मुनाम्बम**

हिजो राति लोकसभामा वक्फ संशोधन विधेयक पारित भएपछि, कोच्चि नजिकैको तटीय गाउँ मुनाम्बमका मानिसहरूले उत्सव मनाएको छ ।राज्य वक्फ बोर्डले आफ्नो आवासीय सम्पत्तिमाथि गरेको दाबीको विरुद्धमा ६०० भन्दा बढी गाउँलेहरू पाँच महिनाभन्दा बढी समयदेखि आन्दोलन गरिरहेका छन्। उनिहरुको सम्पत्ति एक व्यापारीले वक्फ मार्फत कालिकटको फारुक महाविद्यालयलाई परोपकारी र शैक्षिक कार्यहरूको लागि उपहार दिएका थिए।

****** ० ******

**प्रधानमंत्री-थाईलैंड यात्रा**

छैटौं बिमस्टेक शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री नरेन्द्र मोदी आज थाइल्याण्डको दुई दिने भ्रमणका लागि प्रस्थान गर्नुहुँदै छ। सन् २०१६ र २०१९ पछि प्रधानमन्त्रीको यो तेस्रो थाइल्याण्ड भ्रमण हुनेछ।प्रधानमन्त्रीले आज साँझ बैंककमा थाइल्याण्डका प्रधानमन्त्री पैतोंगतार्न शिनवात्रासँग द्विपक्षीय वार्ता गर्नुहुनेछ। दुई नेताहरूले द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गर्नेछन् र भारत-थाइल्याण्ड द्विपक्षीय साझेदारीलाई अझ सुदृढ पार्ने उपायहरूबारे छलफल गर्नेछन्। यसबाहेक दुवै नेताले क्षेत्रीय र बहुपक्षीय मुद्दाहरूमा छलफल गर्नेछन्। यस अवधिमा धेरै सम्झौताहरूमा पनि हस्ताक्षर हुनेछन्।भोलिदेखि सुरु हुने छैटौं बिमस्टेक शिखर सम्मेलनको विषयवस्तु "बिमस्टेक - समृद्ध, लचिलो र मुक्त" रहेको छ। शिखर सम्मेलनले बैंकक भिजन २०३० लाई अपनाउनेछ र बिमस्टेकको भावी कार्यदिशा तय गर्न बिमस्टेक प्रख्यात व्यक्ति समूहको प्रतिवेदनलाई पनि अनुमोदन गर्नेछ। प्रधानमन्त्री मोदीले नरेश राम 'दशम' र थाइल्याण्डकी रानीलाई पनि भेट्ने सम्भावना छ। एउटा रिपोर्टबिमस्टेक शिखर सम्मेलनपछि, प्रधानमन्त्री मोदी श्रीलंकाका राष्ट्रपति अनुर कुमार दिसानायकेको निमन्त्रणामा भोलि तीन दिने राजकीय भ्रमणमा श्रीलंकाको यात्रामा जानुहुनेछ । यसअघि, पदभार ग्रहण गरेपछि, राष्ट्रपति दिसानायकेले आफ्नो पहिलो विदेश भ्रमणको रूपमा भारतको भ्रमण गरेका थिए। भारत-श्रीलंका सम्बन्ध इतिहास, धर्म, संस्कृति र मानिसहरू बीचको बलियो सम्बन्धमा आधारित छ। श्रीलंका भारतको छिमेकी पहिलो नीतिको अभिन्न अंग हो।

****** ० ******

**स्टार्टअप महाकुंभ-दूसरा संस्करण**

तीन दिवसीय स्टार्टअप महाकुम्भ कार्यक्रमको दोस्रो संस्करण भोली देखि नयाँ दिल्लीको भारत मंडपममा शुरू हुनेछ। यो कार्यक्रम गवर्नमेंट ई-मार्केटप्लेस-जीईएम द्वारा प्रस्तुत गरिनेछ। वाणिज्य एवंम उद्योग मंत्रालयले एक बिज्ञप्ती मार्फत भनेको छ जीईएम मंडप भाग लिने स्टार्टअपको लागि चयननित सरकारी खरीद गर्नेहरुसित जोड़िन र बजार-अनुकूल अवसरहरुको पत्तो लगाउनलाई एक मंचको रूपमा काम गर्नेछ। यस कार्यक्रममा तीन हज़ार भन्दा बढ़ी स्टार्टअप, एक हज़ार भन्दा बढ़ी इनक्यूबेटर र एक्सेलेरेटर र दस प्रमुख क्षेत्रहरुका उद्योगपति शामेल हुनेछन।

****** ० ******

**एनएचएआई-वित्त वर्ष 25**

भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरणले आर्थित वर्ष 2024-25 मा पाँच हजार 150 किलोमिटरको लक्ष्यको तुलनामा 5 हजार 600 किलोमिटरभन्दा अधिक राष्ट्रिय राजमार्गहरू निर्माण गरेको छ। सडक परिवहन तथा राजमार्ग मन्त्रालयले आज भनेको छ कि राष्ट्रिय राजमार्ग पूर्वाधार विकासका लागि पूँजीगत खर्च अस्थायी रूपमा दुई लाख 40 हजार करोड रुपियाँको लक्ष्यको तुलनामा 2 लाख 50 हजार करोड रुपियाँभन्दा अधिकको अहिलेसम्मकै उच्च स्तरमा पुगेको छ। गत आर्थिक वर्ष 2023-2024 को तुलनामा समग्र पूँजीगत खर्चमा लगभग 21 प्रतिशतले र आर्थिक वर्ष 2022-2023 को तुलनामा लगभग 45 प्रतिशतले बढेको छ।

****** ० ******

**लोकसभा-प्रस्ताव मणिपुर**

लोकसभाले मणिपुरमा राष्ट्रपति शासन लागू गर्ने संवैधानिक प्रस्तावलाई अनुमोदन गरेको छ। लोकसभामा यस प्रस्तावमाथि छोटो छलफल भएको थियो जसमा कांग्रेसका शशि थरुर, समाजवादी पार्टीका लालजी वर्मा, शिव सेना (उद्धव ठाकरे) का अरविन्द सावन्त, तृणमूल कांग्रेसकी सयानी घोष र अन्य सांसदहरूले भाग लिएका थिए। सबैले राज्यमा भइरहेको हिंसा र त्यहाँका जनताले भोगिरहेका कठिनाइहरूको मुद्दा उठाए।सदनमा संवैधानिक प्रस्तावमाथिको छलफलको जवाफ दिनुहुँदै गृहमन्त्री अमित शाहले मणिपुरमा सामान्य अवस्था पुनर्स्थापित गर्न सरकारले हरसम्भव प्रयास गरिरहेको बताउनु भयो। उहाँले सरकारको पहिलो प्राथमिकता राज्यमा शान्ति पुनर्स्थापना गर्नु रहेको बताउनु भयो। गृहमन्त्रीले भन्नुभयो पछिल्लो चार महिनामा राज्यमा कसैको पनि मृत्यु भएको रिपोर्ट आएको छैन।

**नौसेना-परियोजना**

भारतीय नौसेनाले आज 6 मेगावाट क्षमताको मध्यम गतिको समुद्री डिजल इन्जिनको डिजाइन र विकासको लागि मेक-आई श्रेणी अन्तर्गत परियोजना स्वीकृति आदेशमा हस्ताक्षर गरेको छ। यो सम्झौता नयाँ दिल्लीमा किर्लोस्कर आयल इन्जिन लिमिटेडसित गरिएको छ। यस सम्झौता अन्तर्गत 50 प्रतिशतभन्दा बढी स्वदेशी सामग्री भएको प्रोटोटाइप डिजल इन्जिनको विकास 270 करोड रुपियाँको लागतमा गरिनेछ।

****** ० ******

**भारत-चिली वेव्स**

भारतले चिलीलाई वेव्स 2025 मा आमन्त्रित गरेको छ। यो कार्यक्रम 1 देखि 4 मईसम्म मुम्बईमा आयोजना हुनेछ। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले हिजो नयाँ दिल्लीमा चिलीका संस्कृति, कला तथा धरोहर मन्त्री क्यारोलिना अरेडोन्डोसँग भेट गर्नुभयो। डा. मुरुगनले उनलाई वेव्स 2025 को निमन्त्रणा दिनुभयो अनि सुश्री अरेडोन्डोलाई भारतीय मूर्तिकलालाई दर्साउने चित्र पनि भेट गर्नुभयो। दुई मन्त्रीहरूले भारत-चिली सांस्कृतिक सहयोगलाई सुदृढ पार्ने, कला र सम्पदामा सहयोग बढाउने र द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउने तरिकाहरूबारे छलफल गर्नुभयो।बैठकमा चिलीको प्रतिनिधिमण्डलका सदस्यहरू पनि उपस्थित थिए।

****** ० ******

**ट्रम्प-ट्यारिफ**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले धेरै देशहरूमा पारस्परिक शुल्क लगाउने घोषणा गर्नुभएको छ। यसअन्तर्गत, आयातित सामानमा २६ प्रतिशत शुल्क लाग्नेछ। ह्वाइट हाउस रोज गार्डेनमा आयोजित पत्रकार सम्मेलनमा, श्री ट्रम्पले शुल्कहरु पूर्ण रूपमा पारस्परिक हुनेछैनन् र अमेरिकाले ती देशहरूले लगाएको लगभग आधा शुल्क लिने बताउनु भयो। उहाँले भन्नुभयो, अमेरिकाले गैर-टैरिफ अवरोधहरू सहित सबै शुल्कहरूको संयुक्त दर गणना गर्नेछ र ती देशहरूले अमेरिकामा लगाएको भन्दा लगभग आधा शुल्क लगाउनेछ।राष्ट्रपति ट्रम्पले युरोपेली संघबाट आयात हुने सामानमा २० प्रतिशत र ब्रिटेनबाट आयात हुने सामानमा १० प्रतिशत शुल्क लगाउने घोषणा पनि गर्नुभयो। श्री ट्रम्पले जापानमा २४ प्रतिशत आयात शुल्क पनि लगाउनु भएको छ। ह्वाइट हाउसले यी शुल्कहरू अमेरिकामा आयात हुने सबै उत्पादनहरूमा १० प्रतिशत आधार आयात शुल्कको अतिरिक्त भएको बताएको छ।

****** ० ******

**जापान भूकम्प**

जापानको क्युशु क्षेत्रमा हिज साँझ ६ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ। यसबाट कुनै हताहत वा ठूलो क्षतिको समाचार भने हालका निम्ति छैन। जापान प्रशान्त महासागरीय रिङ अफ फायरमा अवस्थित भएको कारणले गर्दा बारम्बार भूकम्प जाने गर्छ। भूकम्पीय जोखिम क्षेत्र भएकाले त्यहाँ बस्ने मानिसहरू सधैं भूकम्पको सामना गर्न तयार हुन्छन्। यो भूकम्प म्यानमारमा गएको घातक भूकम्पको केही दिनपछि आएको हो।

****** ० ******

**चिलीका राष्ट्रपतिको मुम्बई भ्रमण**

चिलीका राष्ट्रपति गेब्रियल बोरिक फॉन्ट आज राती मुम्बई आइपुग्नु भएको छ। छत्रपति शिवाजी महाराज अन्तर्राष्ट्रिय विमानस्थलमा उहाँलाई महाराष्ट्रका प्रोटोकल मन्त्री जयकुमार रावलले स्वागत गर्नुभयो।भारतको आफ्नो पहिलो राजकीय भ्रमणमा रहेका चिलीका श्री गेब्रियल बोरिक फॉन्टले यसअघि दिल्ली र उत्तर प्रदेशको भ्रमण गरिसक्नु भएको छ।

****** ० ******

**<u>आईपीएल ट्वान्टी-२० क्रिकेट</u>**

आइपिएल टि -२० क्रिकेटमा गुजरात टाइटन्सले रोयल च्यालेन्जर्स बैंगलोरलाई ८ विकेटले पराजित गरेको छ। हिजो राति बेंगलुरुको एम. चिन्नास्वामी स्टुडियममा भएको खेलमा गुजरात टाइटन्सले १७ ओभर र पाँच बलमा दुई विकेट गुमाउँदै १७० रनको लक्ष्य सजिलै हासिल गऱ्यो। गुजरात टाइटन्सका लागि जोस बटलरले ३९ बलमा ७३ रनको सर्वाधिक इनिङ खेले।यसअघि रोयल च्यालेन्जर्स बैंगलोरले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १६९ रन बनाएको थियो। गुजरात टाइटन्सका लागि मोहम्मद सिराजले सर्वाधिक ३ विकेट लिए। उनी खेलको उत्कृष्ट खेलाडी घोषित भए।

****** ० ******